परिर्वतनका लागि एक नयाँ आवाज

# टक नेपाल


Talk Nepal National Daily राष्ट्रिय दैनिक



वर्ष : ४ अंक : ९३ पष्ठ ४ २०८२ माघ ९ गते, शुक्रबार 23January, 2025 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

# ह्याट्रिक गर्ने दाउमा पुराना नेता



● टक नेपाल

महोत्तरीका केही पुराना नेताले ह्याट्रिक गर्ने दाउमा मङ्गलबार उम्मेदवारी दर्ता गराएका छन् । यहाँका चार वटै निर्वाचन क्षेत्रमा गरी १४३ जनाले मनोनयन दर्ता गराएका छन् । तीमध्ये २० जना महिला तथा १२३ जना पुरुष रहेको निर्वाचन अधिकृतको कार्यालयले जारी गरेको अन्तिम नामावलीले देखाएको छ ।

मनोनयन दर्ता गराउनेमा विगतदेखि नै दोहोरिएका तथा निर्वाचनमा विजयी भएका उम्मेदवारदेखि लिएर नयाँ अनुहार पनि रहेका छन् । कतिपय उम्मेदवार लगातार तेस्रो पल्ट चुनावी मैदानमा आएका छन् । जलेश्वर नगरपालिका-४ बस्ने पूर्वजिल्ला शिक्षा अधिकारी वयोवृद्ध कृष्णचन्द्र झाले निर्वाचन युवा तथा वृद्ध पुस्ताबिचको प्रतिस्पर्धा रोचक हुने बताउनुहुन्छ ।

उहाँ भन्नुहुन्छ, "जनताले उनीहरूको विगतको काम र प्रतिबद्धता अनुसारको व्यवहार विचार गरेर मतदान गर्ने विश्वास व्यक्त गर्नुभयो ।"

उहाँ भन्नुहुन्छ, "उम्मेदवारी दिँदा पहिलो पटक उत्साह, दोस्रो पटक अनुभव भए पनि तेस्रो पटक जनताको भरोसा र अपेक्षाको कडा परीक्षा हुने भएकाले पुराना नेताले कडै प्रतिस्पर्धा गर्नु पर्छ ।" मटिहानी नगरपालिका धिरापुरका युवा सुमन ठाकुरले महोत्तरीमा पटक पटक एउटै उम्मेदवार दोहोरिँदा समस्या देखिएको बताउनुभयो ।

जिल्लाको क्षेत्र नं. १ मा नेकपा (एमाले) का तर्फबाट लक्ष्मी महतो तथा नेकपाका तर्फबाट गिरिराजमणी पोखरेलले मनोनयन दर्ता गराउनु भएको छ । पोखरेलले २०६४ र २०७० को संविधान सभा निर्वाचन तथा २०७४ को प्रतिनिधि सभा निर्वाचनमा लगातार जित हासिल बाकी पष्ठ २.....


## मानव बेचबिखन विरुद्ध सचेतना

- बेचबिखन ोक्न समाजमा चेतना फलाउन जरूी छ ।
- विद्यालयदेखि न बालबालिकालाइ यसका बोमा शिक्षित गाउनु पदछ ।
- पाठ्यपुस्तकमा समावेश गे आफू कसी बच्ने अरूलाइ पनि कसी बचाउने भन्ने कुा सिकाउन जरूी छ ।
- समाजमा तुरून्त लागु गन सकिने किसिमका पाठ्यसामग्रीह समावेश गन जरूी छ ।
- ोजगीाका लागि जाने व्यक्तिलाइ शिक्षा दिने, गलत बाटोबाट जाँदा पने असका बोमा जानकी गाउने गनुपछ ।
- व्यक्तिगत तवबाट आफु सचेत हि पवि साथीहरू सवलाइ सचेतना फलाउने ।
- शंकास्पद व्यक्ति जोखिममा हेका व्यक्तिहरूको बोमा निगानी ाख्ने पामश दिने आवश्यकता अनुसा सम्वर्(न्धत निकायसँग समन्वय गने ।
- चोक, चाताा पसालमा समेत मानव बेचविखन विरूद्ध छलफल एवं बहस सञ्चालन गने लगायतका काय आवश्यक ।
- सामूहिक रूपमा मानव बेचविखनको जोखिममा हेका समूदाय क्षेत्र पहिचान गी मानब बेचविखन ोकथामका लागि अन्तक्रिया, सडक नाटक, याली, घदलो जस्ता कायक्रम गने ।
- मानव बेचविखनविरूद्ध क्रियाशिल सकी ग सकी संघसंस्थाहरूसँग समन्वय गने ।
- पीडित प्रभावितह लाइ आवश्यक सहयोग पामश प्रदान गने ।
- हिंसामा पेका पीडित प्रभावितलाइ आत्म सम्मानपूवक बाँच्न पाउने वातावण सजना गद पुनस्थापनाका लागि क्रियाशिल हने ।
- मानव बेचबिखनका मुद्दा अनुसन्धान गने प्रहीलाइ यसका बोमा धे ज्ञान दिन जरूी छ । उनीह लाइ बेचबिखन सम्बन्धी अपाधको गाम्भीयता बुझाउन जरूी छ ।

एकडारा गाउँपालिका, महोत्तरी, मधेश प्रदेश


### बर्दिवाससहित देशभर
## सरस्वती पूजा श्रद्धा र उत्साहका साथ मनाइयो



● टक नेपाल

विद्या, बुद्धि र कलाकी देवी सरस्वतीको पूजा आज बर्दिवाससहित देशभर श्रद्धा र भक्तिभावका साथ मनाइएको छ। विशेषगरी विद्यार्थी, शिक्षक, साहित्यकार तथा संगीतकर्मीहरूले आ-आफ्नो विद्यालय, क्याम्पस, मन्दिर तथा घरघरमा सरस्वती देवीको पूजा-आराधना गरेका छन्। बर्दिवास नगरपालिका क्षेत्रभित्रका विद्यालय तथा शैक्षिक संस्थाहरूमा सरस्वती पूजाको अवसरमा विशेष कार्यक्रमको आयोजना गरिएको थियो। विद्यार्थीहरूले कलम, किताब, कापी तथा वाद्ययन्त्रलाई सरस्वती देवीको चरणमा अर्पण गर्दै विद्या, विवेक र सफलता प्राप्तिको कामना गरेका छन्।

यस अवसरमा विभिन्न विद्यालयमा सांस्कृतिक कार्यक्रम, भजन-कीर्तन तथा पूजा-पाठ गरिएको थियो। अभिभावकहरूले आफ्ना बालबालिकालाई सरस्वती पूजामा सहभागी गराउँदै शिक्षाप्रति रुचि र संस्कार विकास गराउनु पर्नेमा जोड दिएका छन्।

सरस्वती पूजा वसन्त पञ्चमीको दिन मनाइने धार्मिक तथा सांस्कृतिक पर्व हो। यस दिनलाई शिक्षा, सिर्जना र ज्ञानको आरम्भको प्रतीकका रूपमा लिने गरिन्छ। धार्मिक विश्वासअनुसार आजको दिन विद्यारम्भ, अक्षरारम्भ तथा नयाँ शैक्षिक गतिविधि सुरु गर्न शुभ मानिन्छ।

पूजाको अवसरमा शान्ति, अनुशासन र धार्मिक सद्भाव कायम गर्न स्थानीय प्रशासनले आवश्यक व्यवस्थापन गरेको जनाएको छ।




पत्रिकाको लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### निर्वाचन र एआई : विवेकको परीक्षा

निर्वाचन लोकतन्त्रको मूल आधार हो । तर प्रविधिको तीव्र विकाससँगै चुनावी प्रक्रिया नयाँ र जटिल चुनौतीको सामना गरिरहेको छ । पछिल्लो समय सामाजिक सञ्जालमा आर्टिफिसियल इन्टिलिजेन्स (एआई) प्रयोग गरी बनाइएका नक्कली भिडियो, अडियो र तस्बिरले मतदातालाई भ्रममा पार्ने क्रम तीव्र बन्दै गएको छ । वास्तविकजस्तै देखिने यस्ता सामग्रीले नेताको चरित्रहत्या गर्ने, गलत भाष्य निर्माण गर्ने र मतदाताको विवेकमाथि प्रत्यक्ष प्रहार गर्ने खतरा बोकेका छन् ।

निर्वाचन नजिकिँदै जाँदा राजनीतिक दल र समर्थकहरू आक्रामक प्रचारमा उत्रिनु स्वाभाविक भए पनि एआईको दुरुपयोगले लोकतान्त्रिक मर्यादालाई नै कमजोर बनाइरहेको छ । तथ्य र कल्पनाबीचको सीमाना मेटिँदै जाँदा आम नागरिक सत्य छुट्याउन असमर्थ हुने अवस्था सिर्जना हुँदैछ । यसले चुनावी बहसलाई नीति र एजेन्डाभन्दा सतही मनोरञ्जन र उत्तेजनातर्फ धकेलिरहेको छ ।

निर्वाचन आयोगले आचारसंहितामार्फत एआईजन्य दुष्प्रचार रोक्ने प्रयास थालेको छ । तर नियम मात्र पर्याप्त हुँदैन । मिडियाले तथ्य जाँचलाई प्राथमिकता दिनु, सामाजिक सञ्जाल कम्पनीले जिम्मेवारी बहन गर्नु र नागरिकले पनि देखेको-सुनेको कुरा सजगतापूर्वक पुष्टि गर्नु आजको आवश्यकता हो ।

अन्ततः प्रविधि समस्या होइन, यसको दुरुपयोग समस्या हो । एआईको बाढीमा बग्ने कि विवेकको डुङ्गामा उभिने भन्ने निर्णय अब मतदाताकै हातमा छ ।




# ह्याट्रिक गर्ने दाउमा ...

गर्नुभएको थियो । लक्ष्मी महतो तेस्रोपल्ट जनताको भरोसा आफूप्रति हुने भन्दै उम्मेदवारी दर्ता गराउनुभएको छ । २०७४ सालको प्रतिनिधि सभा निर्वाचनमा माओवादीका तर्फबाट गिरिराजमणि पोखरेलले लक्ष्मी महतोलाई हराउँदै विजयी हुनुभएको थियो भने २०७९ को प्रतिनिधि सभा निर्वाचनमा लक्ष्मी महतोले गिरिराजमणि पोखरेलसँग हारको बदला लिँदै विजयी हुनुभएको थियो । पुनः दुवै जना आफूले गरेको विकास, जनताको चाहनाले उम्मेदवारी दिएको दाबी गर्नुभएको छ ।

क्षेत्र नं. २ मा शरतसिंह भण्डारी पटक पटक विजयी हुदै आउनुभएको छ । नेपाली कांग्रेसका किरण यादव पहिलो संविधान सभामा समानुपातिकतर्फकी उम्मेदवार हुनुहुन्थ्यो भने दोस्रो संविधान सभामा प्रत्यक्षतर्फ विजयी हुनुभएको थियो ।

२०७४ सालको प्रतिनिधि सभा निर्वाचनमा भने उहाँ शरतसिंह भण्डारीसँग पराजय हुनुभयो । यसपालि पुनः उहाँहरूबिच प्रतिस्पर्धा हुँदै छ । क्षेत्र नं. ३ मा प्रतिनिधि सभा निर्वाचनमा दुई/दुई पटक विजयी भएका महन्थ ठाकुरले भने आफ्नी छोरी मिनाक्षी ठाकुरलाई जसपाबाट अगाडि सार्नुभएको छ ।

दुई पल्ट महन्थ ठाकुरका लागि उम्मेदवारी फिर्ता लिएका बजरङ्ग नेपाली तेस्रोपल्ट पुनः कांग्रेसबाट उम्मेदवारी दिनुभएको छ ।

त्यसै गरी एमालेका प्रत्यासी रहनुभएका रामआधार कापर अन्तिम समयमा टिकट नपाएर पुनः तेस्रोपल्ट स्वतन्त्रबाट उम्मेदवारी दिनुभएको छ । २०७४ सालमा प्रदेश सभामा उम्मेदवारी, २०७९ सालमा हार बेहोर्नुभएको थियो ।

त्यसै गरी पूर्वकृषिमन्त्री हरिनारायण यादव पनि तेस्रोपल्ट जसपाबाट बागी भएर स्वतन्त्र उम्मेदवार हुनुभएको छ ।क्षेत्र नं. ४ मा नेपाली कांग्रेसका महेन्द्रकुमार राय र जसपाका डा. सुरेन्द्रकुमार यादव तेस्रोपल्ट चुनावी मैदानमा हुनुहुन्छ । २०७४ सालको प्रतिनिधि सभा निर्वाचनमा डा. सुरेन्द्रले महेन्द्रलाई पराजित गर्नुभएको थियो भने २०७९ सालको प्रतिनिधि सभा निर्वाचनमा महेन्द्रले डा. सुरेन्द्रलाई पराजित गर्नुभएको थियो ।  जेनजी आन्दोलनपछि राजनीतिकर्मीलाई अवसर मात्रै होइन चुनौती पनि थपिएको पिपरा गाउँपालिका-४ का दिनेश चौधरीले बताउनुभयो ।

पालिकावासीहरूमा जनहितमा जारी सूचना

- आफुले सञ्चालन गरेको व्यापार व्यवसायको समयमै नविकरण गरौं ।
- उपभोक्ताको स्वास्थ्यमा प्रतिकुल असर पार्ने किसिमका वस्तुको बिक्री वितरण नगरौं ।
- दर्ता गरेर मात्र व्यापार व्यवसाय संञ्चालन गरी असल व्यवसायीको पहिचान कायम गरौं ।
- बिना इजाजत मदिराजन्य पदार्थको बिक्री तिरण नगरौं ।
- खाद्य र अखाद्य वस्तु एकै ठाउँमा राखेर बिक्री वितरण नगरौं ।
- समयमै कर तिरौं : जरिवाना र हर्जना बाट बचौं ।

एकडारा गाउँपालिका , महोत्तरी,
मधेश प्रदेश

# जेनजी उम्मेदवार १५७...

श्रम संस्कृति पार्टीले २६ वर्षीय पंकज ठाकुरलाई सिराहा-४ मा उम्मेदवार बनाएको छ । श्रम संस्कृति पार्टीबाट यो उमेर समूहका २८ वर्षीय वसिम शेष पर्सा-१, २८ वर्षीय महेन्द्र पुन मगर डडेलधुराबाट उम्मेदवार छन् ।

जनमत पार्टीबाट जेनजी उमेर समूहका उम्मेदवारहरू हुन्- २७ वर्षीय वीरेन्द्र महतो, २८ वर्षीय सोनु कुशवाह र २८ वर्षीय रामकल्याण रावत । महतो महोत्तरी-१, कुशवाह रौतहट-२ र रावत रौतहट-४ मा उम्मेदवार छन् ।

जेनजीमा पनि महिला न्यून

विभिन्न राजनीतिक र स्वतन्त्रबाट जेनजी उमेर समूहका १५७ जना उम्मेदवार रहँदा महिलाको संख्या केवल १५ जना छ । बाँकी ४२ जना पुरुष उम्मेदवार छन् ।

निर्वाचन आयोगका अनुसार कूल तीन हजार ४८७ मा महिला उम्मेदवारको संख्या ३९५ छ । बाँकी तीन हजार ९२ जना पुरुष उम्मेदवार छन् । अर्थात्, महिला उम्मेदवार केवल ११.३२ प्रतिशत उम्मेदवार छन् । जबकि, पुरुष उम्मेदवारको संख्या ८८.६७ प्रतिशत छ ।

जेनजी उमेर समूहको उम्मेदवारको प्रतिशत कूल उम्मेदवारमा रहेको महिला र पुरुषको अनुपात अझ बढी छ । १५७ मा १५ जना महिला उम्मेदवार छन् । यो केवल ९.५५ प्रतिशत हो । जेनजी उमेर समूहबाट उम्मेदवार रहेका पुरुषको संख्या भने ९०.४४ प्रतिशत छ ।

अध्यापक डा. मीना पौडेल महिला उम्मेदवार हुनु र नहुनुमा समय नभएर चेतना महत्वपूर्ण रहेको बताउँछिन् ।

'जेनजी पनि यही समाजका उत्पादन हुन् । यही समाजमा सामाजिकीकरण गरेर हुर्काइएका हुन्,' उनी भन्छिन्, 'जबसम्म महिलाको सार्वभौम अस्तित्व र विचारलाइ स्वीकार गर्रिँदैन तबसम्म उनीहरूलाई सहायकको रूपमा राखिन्छ । महिलालाई मूलधारमा नल्याउने र आउन नदिने मूल कारण यही हो । यो संरचनात्मक कारण हो ।'

संरचनात्मक रूपमै परिवर्तन नहुँदासम्म महिलाको उपस्थिति र नेतृत्वको विषय व्यवहारमा देखिन गाह्रो हुने उनको बुझाइ छ ।

'हिजो आन्दोलनमा नेतृत्व गरेको भन्नुको अर्थ छैन । नयाँ र पुराना भन्नुको पनि अर्थ छैन । किनभने, यो चेतनाको कुरा हो,' उनी भन्छिन्, 'उमेरको हिसाबले नयाँ पुस्ता हो । तर हुर्काइ र चेतानामा हिजोकै निरन्तरता छ । जो विभिन्न रूपमा प्रकट हुन्छ र हुँदै आएको छ ।'



# धनुषा–३ : पुरानाको विरासत, नयाँको विश्वास

टक नेपाल

मुखियापट्टी मुसहरनियाँ वडा नम्बर ६ कि ४५ वर्षीया मिनादेवी रामकी साढे २ वर्षीया नातिनी आरोही कुमारी गत बर्खामा घरैछेउको नहरमा डुबिन् । एक छिनमात्रै घरपरिवारले नदेखेको भए उनको अवस्था के हुन्थ्यो अहिले पनि सम्झिँदा मिनादेवीलाई डर लाग्छ ।



'धन्न हामीले देख्यौ र नातिनीलाई जो गाउन सक्यौं,' मिनादेवीले भनिन् । आगामी फागुन २१ गतेको निर्वाचनका लागि मंगलबार देशैभरका उम्मेदवारहरूले मनोनयन दर्ता गरिरहेका बेला अनलाइनखबरको टिम मुसहरनियाँ पुग्दा मिनादेवी आफ्ना छिमेकीहरूसँग कुरा गरेर बसिरहेकी थिइन् । हामीले चुनावी माहौलबारे बुझ्न गाउँमा आएको भनेर सुनाउने बित्तिकै उनले झटपट उही नहरको कुरा निकालिन् ।

मिनादेवीले गत वर्षको बर्खामा बालबाल बाँचेकी नातिनीको कुरा गरिन् । उनले हामीले भनेअनुसार, २०७९ को निर्वाचनमा पनि भोट माग्न आएका उम्मेदवारहरूलाई उनीहरूले बस्तीको छेउ बाट जाने नहर खुल्ला नराखिदिन आग्रह गरेका थिए ।सबै उम्मेदवारले नहर बनाइदिने बाचा पनि गरेका थिए । सुनिएका बाचाहरूमध्ये विश्वासिलो लागेर उनीहरुले एमालेका उम्मेदवार जुली महतोलाई भोट दिए । उनले जितिन् पनि । तर त्यसपछि फेरि गाउँमा फर्किएर गइनन् । नहर बनेन । समस्या जहींको त्यहीं रह्यो ।

मधेशमा विकास निर्माणका नाममा जथाभावी माटो तथा बालुवा झिकेर छाडेको खाल्डोमा जमेको पानी, माछा पोखरी लगायतमा डुबेर बालबालिकाको ज्यान जाने क्रम बढ्दो छ । मधेशमा गत आर्थिक वर्ष २०८१/०८२ मा डुबेर २७२ जनाको ज्यान गएको र तीमध्ये १७० जना बालबालिका रहेको प्रहरीले जनाएको छ । डुबेर मृत्यु हुने मध्ये १४ वर्ष उमेरसम्मका १७० जना बालबालिका रहेको प्रहरीको तथ्यांक छ ।जसमा सबभन्दा बढी बालबालिका रौतहटमा ३३ जनाको डुबेर मृत्यु भएको छ । धनुषामा ३० जना, महोत्तरीमा २८ जना, सप्तरीमा २३ जना, सर्लाहीमा २१ जना, सिरहामा २० जना, पर्सामा १० जना र बारामा ५ जनाको मृत्यु भएको प्रहरीको तथ्यांक छ ।

अघिल्लो आर्थिक वर्ष २०८०/०८१ मा मधेशमा डुबेर १९२ जनाको मृत्यु भएकोमा ११० जना बालबालिका थिए । अघिल्लो वर्षको तथ्यांक तुलनामा पछिल्लो आर्थिक वर्षको तथ्यांकमा ६० जना बढी बालबालिकाको ज्यान गएको छ ।

यही संख्याहरूमा थपिन सक्ने मध्ये एउटा नाम थियो मिनादेवीकी साढे २ वर्षीया नातिनी आरोही देवी । त्यसैले उनी र उनका छिमेकीले बनाउनुपर्ने माग गरेका थिए । तर मागको सुनुवाइ भएन समस्या जहाँको त्यही रह्यो । मिनादेवीहरू घरका ससाना बालबालिकालाई एकछिन पनि छोड्न नसक्ने अवस्थामा पुगे ।

आर्थिक वर्ष २०७९/०८० मा १२४ जनाको मृत्यु हुँदा ८२ जना बालबालिका थिए । यी तथ्यांकले मधेशमा बर्सेनि बालबालिकाको डुबेर हुने मृत्युको ग्राफ बढ्दै गएको देखिन्छ ।बालबालिकाको डुबेर मृत्यु हुने क्रम बढ्नुमा गाउँगाउँका माछा पोखरी, नुहाउने, लुगा धुने पोखरी, विकास निर्माणका लागि खनिएका खाल्डा र निजी जग्गाबाट माटो-ग्राभेल बेचेर छाडिएका खाल्डो प्रमुख कारण हुन् ।

चुनाव जितेर गएका नेताहरूलाई पाँच वर्षमा एक न एक दिन त भेटिएला र आफ्ना कुरा सुनाउला भनेर बसेका थिए । तर गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपछि निर्वाचनको मिति २ वर्षअघि सर्‍यो । फेरि नेताहरू भोट माग्न र आश्वासन बाँड्न गाउँगाउँ-बस्ती बस्ती पस्ने सिजन सुरू भयो । तर मिनादेवीहरूको माग फेरि पनि उही छ- नहर बनाइदिनुपर्छ, हाम्रा बालबालिका सुरक्षित हुनुपर्छ । 'हामीलाई धेरै कुरा चाहिँदैन, नहर बनाइदिए हुन्छ,' स्थानीय निर्मलादेवी रामले भनिन्, 'यत्ति पनि गरिदिन नसक्ने नेताहरू भोट माग्न नआए पनि हुन्छ ।'

जनकपुर उपमहानरपालिका नगराइन-३ का ५० वर्षीय रामशरण साहले चोकमा पसल चलाएर बस्न थालेको ३० वर्षभन्दा धेरै भयो । उनले त्यही बस्दा बस्दै पाँचवटा चुनाव त आँखैले देखेका छन् । पाँचपटक नै मतदाताका रूपमा निर्वाचनमा सहभागी पनि भएका छन् । पछिल्लो २० वर्षमा उनले गाउँमा देखेको जम्माजम्मी एउटै परिवर्तन हो बाटोको विस्तार ।

'मैले हेर्दाहेर्दै मेनरोड ६ लेनको बन्यो, गाउँगाउँसम्म ढलान बाटो पनि पुग्यो । तर अरू केही विकास हुन सकेन,' उनले भने, 'यहाँको बाटो ठूलो भयो, घर ठूला भए तर मान्छेको सोच सानै छ । नेता होउन कि जनता ।'

उनले काम गर्ने र नगर्ने नेतालाई अब जनताले पनि चिन्नुपर्ने बताए । पछिल्लो जनगणना अनुसार धनुषाको साक्षरतादर ६५ प्रतिशतमात्रै छ । शिक्षा र स्वास्थ्यका हिसाबले मात्रै होइन, कहिलेकाँही सांस्कृतिक र सामाजिक हिसाबले पनि धनुषा क्षेत्र नम्बर ३ संवेदनशिल मानिन्छ । त्यसैले धनुषाको संवेदनशीलता बुझेका नेता नै यहाँको प्रतिनिधि हुनुपर्ने स्थानीयहरूको भनाइ छ ।

जनकपुर उपमहानगरपालिका वडा नम्बर २० देवपुरा रूपैठा कि सजरा खातुन आफ्नै पसलमा बसिरहेकी थिइन् । गत कात्तिक अन्तिम साता धार्मिक विवादमा उनको पसल जलेको थियो । जलेको पसल रङरोगन गरेर साजराले नयाँजस्तै त बनाएकी छिन् तर उनको मन भने भारी नै छ ।

उनलाई बेलाबेलामा भइरहने यस्ता धार्मिक विवादहरूमा नेताहरूले समन्वयकारी भूमिका नखेलेको चित्त दुखेको छ । 'हामी मिलेर बस्न चाहन्छौं, बेला बेलामा विवाद हुन्छ,' उनले भनिन्, 'यस्ता विवाद समाधान गर्न नेताहरूले चासो नै लिएनन । अब जितेर आउने नेताहरूले त्यसो नगरून् । '

नयाँ पुराना गरेर ४१ जना मैदानमा

मंगलबार दिउँसो १ बजेतिर नेपाली कांग्रेसका उम्मेदवार विमलेन्द्र निधि जसै गाडीबाट ओर्लिएर पूजापाठका लागि राममन्दिर प्रवेश गरे, उम्मेदवारी दर्ता हिँडेको राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार मनिष झाको टोली पनि ठ्याक्कै त्यही पुग्यो । झा नाराबाजी गर्दै निर्वाचन आयोगतिर अघि बढे निधि चुपचाप मन्दिर प्रवेश गरे । आगामी फागुन २१ गते धनुषा-३ मा हुने निर्वाचनका लागि निधि सबैभन्दा पुराना र झा नयाँ हुन् । निधि र झा सहित धनुषा ३ मा ४१ जनाले उम्मेदवारी दिएका छन् ।

मनिष झा

धनुषा निर्वाचन क्षेत्र नं ३ मा २०७० को संविधानसभा निर्वाचन जस्तै दुई पुरानै प्रतिस्पर्धी अनुहारको उम्मेदवारी परेको छ । त्यसमा नयाँ दलका नयाँ अनुहारको उम्मेदवारीले यहाँको निर्वाचनमा थप रोचक बनाएको छ ।

यस क्षेत्रमा नेपाली कांग्रेसबाट विमलेन्द्र निधि र नेकपा एमालेबाट जुली महतोले उम्मेदवारी दर्ता गराएका छन् । २०७० को दोस्रो संविधानसभा निर्वाचनमा यी दुई उम्मेदवारबीच प्रतिस्पर्धा हुँदा निधिले १ हजार ४९२ मतअन्तरले चुनाव जितेका थिए ।

निधि १५ हजार ३१ मत पाउँदा जुली महतो १३ हजार ५३९ मत पाएकी थिइन् । यही क्षेत्रमा यी दुईसहित राष्ट्रिय स्वतन्त्र पार्टीबाट मनिष झा, जसपा नेपालबाट परमेश्वर साह, राजेन्द्र महतो नेतृत्वको राष्ट्रिय मुक्ति पार्टीबाट राजिवकुमार झा, श्रम संस्कृति पार्टीबाट सदाम हुसेन लगायतले उम्मेदवार दर्ता गराएका हुन् ।

रास्वपाका प्रवक्ता समेत रहेका झाको उम्मेदवारी र जनकपुरधाममै भएको रास्वपाको परिवर्तनको पहिलो उदघोष सभामा बालेनको पहिले सम्बोधनले पूराना र नयाँ अनुहारबीचको प्रतिस्पर्धा रोचक हुने देखिन्छ ।निधिको गृहनगर पने' यस क्षेत्रमा २०५६ यता उनी २०७९ बाहेक सबै चुनावमा प्रत्यक्ष उम्मेदवार बने । तर २०६४ पहिलो र २०७० को दोस्रो संविधानसभा चुनाव उनी जित्न सफल भए ।

तर २०७४ को निर्वाचनमा तत्कालीन राष्ट्रिय जनता पार्टी (राजपा) नेपालका नेता राजेन्द्र महतोसँग २ हजार ९०३ मतान्तरले पराजित भए । महतो ३० हजार ७५० मत प्राप्त गरेका थिए भने निधि २७ हजार ८४७ मतमा सिमित भएका थिए ।

पराजितको भयले निधि २०७९ को निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीमा सांसद पद सुरक्षित पारे । यो चुनवामा एमालेका जुली महतो पाँच दलीय गठबन्धनका उम्मेदवार लोकतान्त्रिक समाजवादी पार्टी लोसपाका नेता अनिल झालाई ९ हजास ७०२ मत अन्तरले पराजित गरी विजयी भइन् ।

महतो ३३ हजार ३८८ मतले निर्वाचित हुँदा झा २३ हजार ६८६ मत पाएका थिए । तेस्रोमा जनमतका उम्मेदवार शम्भु साहले ७ हजार ३७४ मत पाएका थिए भ ने बाँकी उम्मेदवारहरुले ७ सय मत कटाउनै सकेनन् ।

यस क्षेत्रबाट २०४८ मा राप्रपा नेपालका कृष्णचरण श्रेष्ठ र २०५१ मा नेकपा एमालेका रामअशिष महासेठले जितेका थिए । निधिले पहिलोपटक प्रतिष्पर्धा गर्दा २०५६ को संसदीय निर्वाचनमा राप्रपाका कृष्णचरण श्रेष्ठसँग पराजित हुन पुगे ।

२०६४ को संविधानसभा निर्वाचनमा निधि एमालेका उम्मेदवार हरिदेव मण्डललाई ५ हजार ६४६ मतले पराजित गर्दै विजयी भए । निधि १५ हजार ५८२ मतले विजयी हुँदा मण्डल ९ हजार ९३६ मत पाएका थिए ।धनुषा क्षेत्र नम्बर ३ मा जनकपुरधाम उपमहानगरपालिकाको १७ सहित जम्मा ३८ वटा वडा पर्छन् । जनकपुरधाम उपमहानगरपालिकाको २५ वटा वडा मध्ये १७ वटा, नगराइन नगरपालिकाको सबै ९ वटा वडा, मुखियापट्टी मुसहरनिया गाउँपालिकाको सबै ६ वटा वडा, धनौजी गाउँपालिकाको सबै पाँचवटा वडा र विदेह नगरपालिकाको एउटा वडा पर्छ ।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल

☞ २४ सं घण्टा इमजेन्सी सेवा
☞ ICU,NICU,PICU सेवा
☞ EndosocopyDiode Laser सेवा
☞ विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहुद्वा उत्कष्ट स्वास्थ्य सेवा
☞ Laproscopy सेवा
☞ X-Ray, USG, CT Scan सेवा
☞ क्याबिनको समेत व्यवस्था भएको
☞ 247 Ambulance सेवा




SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०

# विद्युतीय बारमा करेन्ट लागेर एक जनाको मृत्यु

● टक नेपाल

धनुषाधाम नगरपालिका-६, हरिपुरस्थित खेतमा जङ्गली जनावरबाट बाली जोगाउन लगाइएको विद्युतीय बारमा करेन्ट लागेर बिहीबार एक जनाको मृत्यु भएको छ।

इलाका प्रहरी कार्यालय ढल्केबरका प्रहरी निरीक्षक लक्ष्मण केसीले मृत्यु हुनेमा हरिपुरका करिब ५० वर्षीय चन्देश्वर महतो रहेको बताउनुभयो।

उहाँका अनुसार जङ्गली जनावरबाट बाली जोगाउने उद्देश्यले खेत वरिपरि विद्युतीय बार जडान गरिएको खुलेको छ। सोही विद्युतीय बारमा करेन्ट प्रवाह भइरहेका बेला महतो सम्पर्कमा आउँदा मृत्यु प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। प्रहरी निरीक्षक केसीले घटनास्थलममा करेन्ट लागेर एउटा बाँदर पनि मृत अवस्थामा फेला परेको जानकारी दिनुभयो । उहाँले शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल जनकपुर पठाइएको र घटनाबारे थप अनुसन्धान भइरहेको बताउनुभयो।

# रेशमलाल चौधरीको उम्मेदवारी खारेज

● टक नेपाल

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि मनोनयन पत्र दर्ता गरेका उम्मेदवारमाथि परेका उजुरी जाँचबुझ गर्दा कैलाली क्षेत्र नं १ बाट मनोनयन पत्र दर्ता गर्नुभएका रेशमलाल चौधरीको उम्मेदवारी खारेज भएको निर्वाचन आयोगले जनाएको छ।

सुनसरी जिल्ला निर्वाचन क्षेत्र नम्बर २ का एक, रौतहट जिल्ला क्षेत्र नम्बर १ का एक, भक्तपुर जिल्ला निर्वाचन क्षेत्र नं. २ का दुई वटा उजुरीको भने दाबी नपुगेको आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले जानकारी दिनुभयो।

रौतहटको उजुरी बुधबार नै दरपीठ भई उम्मेदवारी कायम रहेको आयोगले जनाएको छ । उम्मेदवारमाथि बुधबार दिउँसो ३ बजेदेखि जाँचबुझ सुरु भएको थियो।

आज बेलुका ५ बजेसम्म उजुरीमाथि जाँचबुझ गरिएको हो। बिहीबार ५ बजेदेखि ७ बजेसम्म उम्मेदवारको नामावली प्रकाशन गरिने निर्वाचन कार्यक्रम रहेको छ। माघ ९ गते शुक्रबार बिहान १० बजेदेखि दिउँसो १ बजेसम्म उम्मेदवारले नाम फिर्ता लिने समय तोकिएको छ।

माघ ९ गते दिउँसो १ बजेदेखि ३ बजेसम्ममा उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरिनेछ। त्यसै दिन दिउँसो ४ बजेदेखि साँझ ७ बजेसम्ममा उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिने कार्यक्रम रहेको जनाइएको छ। शुक्रबार ७७ मुख्य निर्वाचन अधिकृतको कार्यालय र ८८ निर्वाचन अधिकृतको कार्यालयमा तीन वटा कार्यक्रम तय गरिएको जानकारी उहाँले गराउनुभयो।

देशभरका ७७ मुख्य निर्वाचन अधिकृत र ८८ निर्वाचन अधिकृतको कार्यालयबाट आयोगमा प्राप्त जानकारीअनुसार पुरुष ३०८८, महिला ३९६ र तेस्रो लिङ्गी एक गरी तीन हजार ४८६ को उम्मेदवारी कायम भएको आयोगले जनाएको छ । यीमध्ये चार जिल्लाका पाँच उम्मेदवारमाथि उजुरी परेको थियो।

# जेनजी उम्मेदवार १५७ जना

● टक नेपाल




२१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनमा १५७ जना जेनजी उम्मेदवारले मनोनयन दर्ता गराएका छन्।

निर्वाचन आयोगका अनुसार प्रत्यक्षतर्फको १६५ सिटका लागि ३ हजार ४८७ जना उम्मेदवार छन्। यसमध्ये १५७ जना २८ वर्षसम्मका छन् । जसमा ९४ जना स्वतन्त्र छन् । बाँकी दलीय उम्मेदवार हुन् ।निवर्तमान युवा तथा खेलकुद मन्त्री बब्लु गुप्ता जेनजी उमेर समूहका हुन्। उनी सिरहा-१ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को तर्फबाट उम्मेदवार छन् । उनले मन्त्री पदबाट राजीनामा उम्मेदवारी दिएका हुन् ।प्रतिनिधिसभा सदस्यमा उम्मेदवारी दर्ता गरेपछि पत्रकारहरूसँग कुरा गर्दै उनले व्यक्तिगत स्वार्थका लागि नभई सुशासन, पारदर्शिता, जवाफदेहिता र विकासमुखी राजनीति स्थापनाका लागि समर्पित रहेको बताएका थिए। गुप्ता अन्तरिम सरकारमा पनि जेनजी उमेर समूहको प्रतिनिधित्व गर्दै खेलकुद मन्त्री बनेका थिए।

रास्वपाबाट धेरै, दोस्रोमा उनेपा र नेमकिपा

दलगत रूपमा हेर्दा राष्ट्रिय स्वतन्त्र पार्टीले ९ जना जेनजी उमेर समूहका व्यक्तिलाई प्रतिनिधिसभा सदस्यको उम्मेदवार बनाएको छ। जसमा २८ वर्षीय बब्लु सिरहा-१, २८ वर्षीय सुरेन्द्र कार्की तेह्रथुम, २५ वर्षीय प्रशान्त उप्रेती मकवानपुर-१, २६ वर्षीय मनिष खनाल नवलपरासी (बर्दघाट सुस्ता पूर्व)बाट उम्मेदवार छन् ।२८ वर्षीय सुलभ खरेल रुपन्देही-२, २५ वर्षीय भुवन टमाटा मुगु, २६ वर्षीय टासी ल्हान्जोम हुम्ला, २७ वर्षीय मनिष खनाल नवलपुर-२, २७ वर्षीय ओमप्रकाश रावल अछाम-१ र २६ वर्षीय केपी खनाल कैलाली-२ बाट उम्मेदवार बनेका छन्।

रास्वपापछि धेरै जेनजी उमेर समूहका उम्मेदवार उठाउने दल हो- उज्यालो नेपाल पार्टी (उनेपा) र नेपाल मजदुर किसान पार्टी (नेमकिपा) । यी दुवै दलले जेनजी उमेर समूहका सात/सात जनालाई उम्मेदवार बनाएका छन् ।उनेपाले २५ वर्षीय बसन्त बुढाथोकीलाई मोरङ-६, २७ वर्षीय गोपाल तामाङलाई सुनसरी-२, २६ वर्षीय किशोरी कार्कीलाई ओखलढुंगामा उम्मेदवार बनाएको छ। यस्तै, उनेपाबाट २६ वर्षीय श्रवण पासवान सिरहा-३, २८ वर्षीय मनोजकुमार गुप्ता महोत्तरी-१, २५ वर्षीय रामाकान्तप्रसाद पटेल रौतहट-२ र २८ वर्षीय राजेश रावल अछाम-२ मा उम्मेदवार रहेका छन्।

नेमकिपाबाट २५ वर्षीय गंगाकुमारी राजवंशी मोरङ-५, २५ वर्षीय निलमकुमारी यादव सप्तरी-२, २६ वर्षीय राजु तामाङ काभ्रेपलाञ्चोक-२, २७ वर्षीय सुग्रिम चाई रुपन्देही-३, २६ वर्षीय सुरेन्द्र शाही अछाम-१, २५ वर्षीय सुनिता भण्डारी कैलाली-१ र २८ वर्षीय तृषण पुनमगर कैलाली-५ बाट उम्मेदवार छन् ।राष्ट्रिय परिवर्तन पार्टीले जेनजी उमेर समूहका चार जनालाई प्रतिनिधिसभा उम्मेदवार बनाएको छ ।यो पार्टीबाट २६ वर्षीय उषालक्ष्मी तुम्वाहाङफे तेह्रथुम, २५ वर्षीय शालिकराम राई धनकुटा, २५ वर्षीय मिरेश राई खोटाङ र २६ वर्षीय अरुण राई उदयपुर-२ मा उम्मेदवार रहेका छन्।

संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चले २७ वर्षीय सुशान्त साम्पङ राईलाई झापा-५ मा उम्मेदवार बनाएको छ ।राष्ट्रिय प्रजातन्त्र पार्टी, श्रम संस्कृति पार्टी र जनमत पार्टीबाट तीन/तीन जना जेनजी उमेर समूहका उम्मेदवार छन् ।राप्रपाबाट जेनजी उमेर समूहका उम्मेदवारहरू हुन्- सविन निरौला, अजयकुमार दास र रवि हमाल ठकुरी। निरौला मोरङ-६, दास सप्तरी-२ र ठकुरी सुर्खेत-१ बाट उम्मेदवार बनेका हुन्।

बाकी पृष्ठ ३.....

"बर्दिबास मिडिया प्रा. लि. द्वारा सञ्चालित"
टक नेपाल टि.भी.
टक नेपाल राष्ट्रिय दैनिक
बर्दिबास, महोत्तरी
मो.- ९८६३३२१०१४
हाम्रो सेवाहरु : अनलाईन टि.भी., अनलाईन न्यूज पोर्टल, डकुमेन्ट्री, फोटोग्राफी, भिडियोग्राफी लगायत मिडिया सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।

Pan No. 121584733
DDA No. 3780432055942
9705446882, 9705446883
खुशी मेडिकल हल
बर्दिवास-२, महोत्तरी
औषधी पसल
यहाँ सबै प्रकारका औषधी सुपथ मुल्यमा पाउनुका साथै २४ घण्टा फार्मेसी तथा ल्याब सेवा उपलब्ध छ।

जनहितमा जारी

❖ बिना अनुमति बोडिङ नगनुहोस्।
❖ भूमिगत जलस्रोतको अनियन्त्रित दोहनले वातावणीय संकट निम्त्याउँछ।
❖ जलस्रोतको वज्ञानिक दिगो प्रयोगमा जोड दिनुहोस्।
❖ खेती प्रणालीमा आधुनिक सिचाइ प्रविधि (जस्तः ड्रिप, स्प्रिंकल) अपनाआं।
❖ सम्बन्धित कायालयबाट सिचाइका लागि अनुमतिपत्र अनिवाय रूपमा लिनुहोस्।
❖ गहिो बोडिङ गदा भूगभीय अध्ययन सल्लाह लिनुहोस्।
❖ अनियन्त्रित बोडिङले जमिन भासिने वा पानी सुक्ने समस्या आउन सक्छ।
❖ सावजनिक तथा सामुदायिक जलस्रोत संक्षणमा सामूहिक पहल गां।
❖ बेमासमी खेती तथा बहुवषीय बालीका लागि पानीको समुचित व्यवस्थापन गां।
❖ पानीको सिाइकल पुन:प्रयोग प्रविधि प्रयोगमा ल्याआं।
❖ कषकहरूलाइ सिचाइ सम्बन्धी नियमित तालिम जानकीमा सहभागी गाआं।
❖ जलस्रोत प्रयोगमा लंगिक समानता समावेशीतालाइ सुनिश्चित गां।
❖ 'जल छ भने जीवन छ' भन्ने कुालाइ व्यवहामा उताां।



एकडारा गाउँपालिका,महोत्तरी

परिवारमा कसैलाई डेंगी लागेको छ भने अन्य सदस्य कसरी जोगिने ?

यदि परिवारको कुनै सदस्यलाई डेंगी लागेको छ भने अन्य सदस्यलाई डेंगी लाग्न नदिन निम्न उपाय अपनाऔं:-

सङ्क्रमितलाई झुल भित्र मात्र आराम गराउने वा सुताउने
सङ्क्रमितको हेरचाहमा खटिँदा पूरा बाहुला भएको लुगा लगाउने
लामखुट्टे धपाउन धूप, कोइल वा लिक्विड बाल्ने
घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाउने
घर वरपर पानी जम्न नदिने

एकडारा गाउँपालिका , महोत्ती, मधेश प्रदेश

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बदिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014